**DRISHTIKON**, 15(1), RMC, MMC, DHARAN, ISSN: 2382-5456, 2025.

# सम्राट राजर्षि जनक महाकाव्यमा सादृश्यमूलक अलङ्कार

**तीर्थराज भट्टराई**

सहायक प्राध्यापक

नेपाली विभाग

जनता बहुमुखी क्याम्पस, इटहरी त्रि. वि. , नेपाल

Email: tirtha2033@gmail.com

https://doi.org/10.3126/dristikon.v15i1.77147

**लेखसार**

प्रस्तुत लेखको विषय सम्राट राजर्षि जनक महाकाव्यमा सादृश्यमूलक अलङ्कारको विश्लेषण गर्नु रहेको छ। पीताम्बरभोला लम्सालको *सम्राट राजर्षि जनक* महाकाव्यमा सादृश्यमूलक वर्गका के कस्ता अलङ्कारहरूको के कसरी प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषणमा यो लेख केन्द्रित रहेको छ। यो अध्ययन गुणात्मक प्रकृतिको छ। यसमा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। सम्राट राजर्षि जनक महाकाव्यमा अलङ्कार प्रयोगको अवस्था अध्ययनका लागि सूक्ष्म पठन विधिका माध्यमबाट सामग्री सङ्कलन गरी ती सामग्रीहरूको अर्थापन गरिएको छ। अलङ्कारको सैद्धान्तिक अवधारणा र सादृश्यमूलक वर्गका अलङ्कारहरूको लक्षण पहिचानका लागि पूर्वीय अलङ्कार सिद्धान्तलाई आधार बनाइएको छ। यसमा *सम्राट् राजर्षि जनक* महाकाव्यमा प्रयोग भएका सादृश्यमूलक वर्गका उपमा, अनन्वय, रूपक, व्यतिरेक, दृष्टान्त, विनोक्ति, कारकदीपक, व्याजस्तुति, परिकर र अपह्नुतिजस्ता अलङ्कारहरूको विश्लेषष गरी निष्कर्ष प्रस्तुत गरिएको छ। यस लेखमा *सम्राट् राजर्षि जनक* महाकाव्यका श्लोकहरूको अर्थापनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। सम्राट राजर्षि जनक महाकाव्यमा आफ्ना भाव र विचारलाई प्रभावकारी तुल्याउन, महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी, आकर्षक एवम् काव्यात्मक स्वरुप प्रदान गर्न, महाकाव्यमा प्रयुक्त विविध कथ्यगत सौन्दर्यको वृद्धि गर्न र शृङ्गार, करूण, भयानक आदि रसको अभिव्यञ्जनलाई प्रभावकारी बनाउनका लागि सादृश्ययमूलक वर्गका अलङ्कारहरूको प्रयोग गरिएको हो भन्ने निष्कर्ष प्राप्त भएको छ।

*शब्दकुञ्जी :* उपमा, कथ्यगत सौन्दर्य, दृष्टान्त, वैचित्र्यपूर्ण, व्यतिरेक

## विषयपरिचय

पीताम्बरभोला लम्साल (वि.सं. १९८९-२०६१) ले कथा, निबन्ध र कविताजस्ता विविध विधामा पनि कलम चलाएका भए पनि उनको विशेष रुचिको क्षेत्र भने कविता हो। उनका *मङ्गलसुषमा* ( २०२४), *शिवासन्तति* ( २०४२), *सारस्वतेय* (२०४७), *यूमा* (२०६२ ), *महासामन्त अंशुबर्मा र भृकुटी* (२०७३), *यम गौतम* ( २०७३ ) र *सम्राट् राजर्षि जनक* (२०७३) जस्ता महाकाव्यहरू प्रकाशित छन्। रस, अलङ्कार र वक्रोक्तिजस्ता पूर्वीय साहित्यशास्त्रका स्थापित सिद्धान्तहरूका कसीमा उनका महाकाव्यहरू विश्लेषणयोग्य रहेका देखिन्छन्। कविताको कथ्यलाई सौन्दर्यपूर्ण बनाउन अलङ्कारको महत्त्वपूर्ण भूमिका रहन्छ। अलङ्कार कविताको मुख्य अर्थसित आउने प्रभावकारी अर्थ हो। यसले मुख्य अर्थसँगै अर्को अर्थ प्रस्तुत गरी मुख्य अर्थ वा भावलाई पुष्टि गर्छ। अलङ्कारको सोभ्फो सम्बन्ध कविताको अर्थसँग रहेको हुन्छ। कवितामा अलङ्कार कसरी एकाकार भएर आएका हुन्छन् भनी

त्यसको प्रक्रियाका बारेमा व्याख्या गर्ने पद्धति अलङ्कार सिद्धान्त हो । महाकाव्यको शैली पक्षमा केन्द्रित भएर उल्लेख भएका परिभाषाहरूले महाकाव्य प्राय : पद्यबद्ध हुनुपर्ने, संस्कृत, प्राकृत वा जनभाषामा विभिन्न कथानकलाई उनेर अगाडि बढ्नुपर्ने, शब्दवैचित्र्यता र अर्थवैचित्र्यताले पूर्ण हुनुपर्ने र छन्दोबद्ध र लोकरञ्जक हुनुपर्ने मान्यतालाई अगाडि सारेका छन् । कविका कवितामा समग्र मानवीय अनुभूतिहरू समेटिएका हुन्छन् । त्यसैले कवितामा विविध अनुभूति, भाव, विचार आदि प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । महाकवि लम्सालले सम्राट *राजर्षि जनक* महाकाव्यमा सादृश्यमूलक वर्गका कुनकुन अलङ्कारहरूको प्रयोग गरेका छन् र तिनीहरूको प्रयोग किन गरिएको छ भन्ने कुरालाई समस्याका रूपमा लिइएको छ र उक्त समस्याको समाधान गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

**सैद्धान्तिक अवधारणा**

अलङ्कारसिद्धान्त पूर्वीय काव्यशास्त्रमा स्थापित र सर्वप्रचीन काव्यमान्यता हो । अर्थगत वा शाब्दिक चमत्कारद्वारा साहित्यलाई सिगार्ने तत्त्व अथवा काव्यको चमत्कारपूर्ण वर्णन शैली नै अलङ्कार हो (पोखरेल र अन्य,२०७५,पृ.७४) । भामहले वक्रोक्तिलाई अलङ्कार मानेका छन् । उदभट र रुद्रटले अलङ्कारलाई सौन्दर्यको पर्याय मानेका छन् । दण्डीले काव्यशोभाकारक धर्मलाई अलङ्कार भनेका छन् । वक्रोक्तिवादी आचार्य कुन्तकले अलङ्कारशून्य काव्य असम्भव छ भनेका छन् । त्यसैगरी आनन्दवर्द्धनले सौन्दर्यका साधनका रूपमा मात्र अलङ्कारलाई हेरेका छन् । मम्मटले अङ्ग (शब्द र अर्थ)द्वारा रसको उपकार (सौन्दर्यवर्द्धन) गर्ने अनुप्रास, उपमा आदि अलङ्कार हुन् र ती हारआदि जस्तै आभूषण हुन् भनेका छन् । विश्वनाथले मम्मटकै विचार नजिकको धारणा राखेका छन् । उनले सौन्दर्य बढाउने र रसको उपकार गर्ने शब्दर्थका जुन अस्थिर धर्म हुन् ती अलङ्कार हुन् र वालाआदिभैँ आभुषण हुन भनेका छन् । आचार्य जगन्नाथले अलङ्कार काव्यात्मा-रसको सौन्दर्यका कारण हुन् भन्ने मत राखेका छन् ।

पूर्वीय आचार्यहरूले अलङ्कारलाई विशेष महत्त्वका साथ हेरेका छन् । भामहले नारीको सुन्दर मुख पनि आभुषणविना शोभायमान हुँदैन भनेका छन् । अग्निपुराणकारले अलङ्काररहित कविता विधवासमान अशोभनीय हुन्छ भनेका छन् । अलङ्कारले शब्दसौन्दर्य र अर्थसौन्दर्यद्वारा रस वा भावलाई अलङ्कृत पारेर काव्यलाई आकर्षक एवं प्रभावकारी पार्दछ । अलङ्कारलाई भावपरक अर्थ र करणपरक अर्थमा व्युत्पत्ति गरिएको देखिन्छ । यस शब्दको अलगअलग व्युत्पत्ति गर्दा अर्थमा पनि फरक पर्न जान्छ । वामनले यस शब्दको अर्थ स्पष्ट पार्दै भावपरक व्युत्पत्तिका आधारमा सौन्दर्य नै अलङ्कार हो र अलङ्कारयुक्त काव्य नै ग्राह्य हुन्छ भनेका छन् (वामन, १९९५, पृ.६) । व्युत्पत्तिका आधारमा अलङ्कार शब्दको अर्थ काव्यसौन्दर्यको अभिवृद्धि गर्नमा सहयोग गर्ने सामग्रीका रूपमा बुझ्न सकिन्छ । काव्यको सौन्दर्य अभिवृद्धि गर्ने शब्दार्थपरक उपमा, अनुप्रास, यमक आदि नै अलङ्कार हुन् भन्ने कुरा करणव्युत्पत्तिपरक अर्थले अभिव्यक्त गरेको छ । अलङ्कारका भाव र करण व्युत्पत्तिगत अर्थमध्ये रसध्वनिवादी युगमा आएर करणव्युत्पत्तिपरक अर्थमा नै अलङ्कारलाई सीमित गरिएको पाइन्छ र यसै अर्थमा अलङ्कार स्थापित भएको देखिन्छ । अलङ्कारहरू काव्यका शरीर पनि हुन् भने आत्मा पनि हुन् तथा शरीरको सौन्दर्य वृद्धि गर्ने शोभाकारक धर्म पनि हुन् । अलङ्काररहित काव्य भए पनि त्यसमा काव्यत्व रहँदैन, त्यसैले यो काव्यका लागि अपरिहार्य तत्त्व हो । काव्यले कुनै पनि भाव वा विचार अभिव्यक्त गरिरहेको हुन्छ तर त्यो भाव वा विचार ग्रहणयोग्य छ कि छैन भन्ने कुरा अलङ्कारको उपस्थितिले निर्धारण गर्दछ । त्यसैले काव्यको विचार वा भावलाई ग्रहणीय बनाउने, सामान्य वार्ताका रूपमा रहेका भाव वा विचारलाई काव्यमय बनाई र काव्यलाई अझै

प्रभावकारी, सौन्दर्यपूर्ण, आस्वाद्य, श्रुतिमधुर, चित्ताकर्षक र आकर्षक बनाउने प्रमुख तत्त्व अलङ्कार हुन् । त्यसैले काव्यमा अलङ्कारको विशेष महत्त्व रहन्छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा *सम्राट राजर्षि जनक* महाकाव्यमा सादृश्यमूलक वर्गका केकस्ता अलङ्कारहरूको प्रयोग किन र कसरी गरिएको छ भन्ने कुरको अध्ययन गरिएको हुँदा *सम्राट राजर्षि जनक* महाकाव्यका श्लोकहरूलाई विश्लेषणको आधार सामग्रीका रूपमा लिइएको छ । यसका साथै अलङ्कारहरूसँग सम्बन्धित संस्कृत, हिन्दी र नेपाली भाषामा लेखिएका सैद्धान्तिक पुस्तक र लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । विश्लेषणका लागि छनौट गरिएका पीताम्बरभोला लम्सालको *सम्राट राजर्षि जनक* महाकाव्यका श्लोकहरूको सङ्कलन पुस्तकालयीय पद्धतिअनुसार गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको भएकाले यसमा प्रस्तुत गरिएका सामग्रीहरूको अर्थापनका क्रममा वर्णनात्मक र विश्लेषणत्मक विधिको प्रयोग गरिएको छ ।

## नतिजा र छलफल

### सम्राट् राजर्षि जनक महाकाव्यको अलङ्कारपरक विश्लेषण

उपमान र उपमेयमा समान धर्म भएका अलङ्कारहरूलाई सादृश्यविच्छित्तिमूलक अलङ्कार भनिन्छ । यस्ता अलङ्कारलाई साधर्म्यमूलक अलङ्कार पनि भनिन्छ । यस्ता अलङकारहरूमा दुई वस्तुका बिचमा द्रव्य, गुण, जाति, क्रिया, स्वरूपजस्ता कुरामा समानता प्रस्तुत गरिन्छ । उपमान र उपमेयको सादृश्य प्रस्तुत गरी कुनै न कुनै रूपमा दुई वस्तुको बिचमा रहेको समान धर्मको वर्णन यस वर्गका अलङ्कारमा गरिएको हुन्छ । यसको पहिचान र विशेषता भनेको कुनै न कुनै रूपमा दुई वस्तुको बीचमा रहेको समान धर्मको वर्णन गर्नु हो । दुई वस्तुहरूका बीचको समान धर्मलाई साधर्म्य भनिन्छ । साधर्म्य एउटा सम्बन्ध हो जो उपमान र उपमेय दुवैमा रहन्छ (रुय्यक, ई.१९९४,पृ.८४) । सादृश्यविच्छित्तिमूलक वा साधर्म्यमूलक वर्गका अलङ्कारअन्तर्गत उपमा, उपमेयोपमा, अनन्वय, स्मरण, रूपक, परिणाम, सन्देह, भ्रान्तिमान, उल्लेख, अपह्नुति, उत्प्रेक्षा, अतिशयोक्ति, तुल्ययोगिता, दीपक, व्यतिरेक, सहोक्ति, प्रतिवस्तूपमा, दृष्टान्त, समासोक्ति, परिकर, श्लेष, अप्रस्तुतप्रशंसा, अर्थान्तरन्यास पर्यायोक्ति, व्याजस्तुति र आक्षेप जस्ता अलङ्कारहरू पर्दछन् (भट्टाचार्य, २०५७ ,पृ.१८० ) ।

### उपमा अलङ्कार

उपमाको शाब्दिक अर्थ कुनै दुई पदार्थका बीच सामीप्यका आधारमा समानतालाई तुलना गर्नु हो । कुनै दुई वस्तुका बिचमा रहेको सादृश्यलाई प्राथमिकताका साथ उपमेय र उपमान धर्मको समानतामा केन्द्रित हुनु यसको पहिचान हो । भरतमुनिले आफ्नो *नाट्यशास्त्र* ग्रन्थमा गुण र आकृतिका आधारमा दुई पदार्थ बीचको सादृश्य कथनलाई उपमा भनेका छन् । उनले एकको अनेकसँग, अनेकको एकसँग, एकको एकसँग र अनेकको अनेकसँग गरी चार अवस्थामा उपमा रहने कुरा उल्लेख गरेका छन् (इ. १९८३, पृ.६०) । अलङ्कारवादी आचार्य भामहले उपमान र उपमेय देशकाल, क्रिया आदिका आधारमा सर्वथा भिन्नाभिन्नै हुँदाहुँदै पनि कदाचित गुणले मात्रले दुवैमा समानता भएमा उपमा अलङ्कार  हुन्छ भनेका छन् (इ. १९३८, पृ.११) । मम्मटले उपमान र उपमेयमा भेद हुँदाहुँदै पनि गुण, क्रिया आदिका आधारमा हुने साधर्म्यबाट उपमा अलङ्कार  हुने कुरा उल्लेख गरेका छन् (इ. १९८०, पृ ४६६) । आफूपूर्वका अलङ्कारसम्बन्धी चिन्तनलाई समेटेर आचार्य विश्वनाथले वैधर्म्यरहित उपमान र उपमेयका बीचको सादृश्यलाई वाच्यका माध्यमबाट एउटै वाक्यमा व्यक्त गर्नु नै उपमा हो भनेका छन् (इ १९७७ पृ. २९२) ।  उपमान र उपमेयका बीच रूप, गुण, क्रिया अथवा प्रभाव आदि कुनै पनि

धर्मको समानताद्वारा एउटै वाक्यमा काव्यात्मक ढङ्गबाट सौन्दर्य उत्पन्न गरिएमा उपमा अलङ्कार हुन्छ र एउटा उपमेयसँग एकभन्दा बढी उपमानसँग तुलना गरिएमा मालोपमा अलङ्कार हुन्छ । *सम्राट् राजर्षि जनक* महाकाव्यमा उपमा र मालोपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

पग्लेको हिमशैल सल्सल बगी कादम्बिनी हारझैँ
वासन्ती मधु माधवीय कुसुमी कादम्बिरी धारझैँ
फैलेको रमणीयता प्रकृतिमा सौन्दर्य वा मोहनी
देखी मुग्ध हुँदैन को ? प्रकृतिको स्वर्गीय सञ्जिवनी ॥१॥२

प्रस्तुत श्लोक नेपाली प्रकृतिको सौन्दर्य वर्णनका क्रममा आएको हो । नेपालको प्राकृतिक सौन्दर्यले सबैलाई मोहनी लगाउँछ । यसको सौन्दर्यबाट सबै मन्त्रमुग्ध हुन्छन् भन्ने कुरा व्यक्त गर्ने सन्दर्भमा यस श्लोकमा हिमालमा हिउँ बग्दा देखिएको सुन्दर दृश्य(उपमेय)लाई मेघमालाको हार (उपमान) सँग र वसन्त ऋतुको फूलको मधुपवन (उपमेय) लाई उखुको मदिरा वा कदम्बका फूलबाट बनाइएको मदिरा (उपमान) सँग तुलना गरिएको हुँदा यस श्लोकमा उपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

दुष्ट सर्प झुसुलेसरि सोच्छ
जेबमा जतनमा पनि घोच्छ
हुन्छ चुम्बन समेत नशालु
दुष्ट सर्प सरि हुन्छ विषालु ॥२॥३

प्रस्तुत श्लोक दुष्ट मानिसको स्वभाव वर्णन गर्ने क्रममा आएको हो । दुष्ट मानिसले कसैको कहिल्यै पनि भलो गर्दैन । उसले गुनको बदलामा पनि बैगुन नै गर्दछ । ऊ जसका गोजीमा बस्छ उसैलाई घोच्ने सर्प र झुसुलेजस्तो हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । यहाँ दुष्ट मानिस उपमेय र उपमान सर्प र झुसुले आएका छन् । यहाँ एउटा उपमेय र दुइटा उपमान (सर्प र झुसुले) आएका हुनाले मालोपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

भरे जम्मै टम्मै नृपवर पसे यज्ञ रउसे
बने तारा सारा जनक यजमानासन विषे
उदाएका चन्द्रैसरि जनक इन्द्रै सरि खुले
गरे ध्यानी ज्ञानी मख सुरु शतानन्द गुरुले ॥१४॥७४

प्रस्तुत श्लोक जनकको खुसी वर्णन गर्ने क्रममा आएको हो । छोरी सीताको जोडी मिल्ने वरका लागि जनकले यज्ञको आयोजन गरे । यस क्रममा जनक निकै खुसी भएका थिए भन्ने कुरा वर्णन गर्ने सन्दर्भमा जनकको हँसिलो अनुहार (उपमेय)लाई उदाएको चन्द्रमा र खुसी क्षणमा रहेका स्वर्गका राजा इन्द्र (उपमान ) सँग तुलना गरिएको हुँदा मालोपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**अनन्वय अलङ्कार**

सम्बन्धको अभाव अनन्वय नै हो । उपमान र उपमेय एउटै भई अर्को वस्तुसँग सादृश्य नदेखाई त्यसै वस्तुसँग मात्र सुन्दरसादृश्य देखाइएमा अनन्वय अलङ्कार हुन्छ । यस अलङ्कारमा उपमेयलाई नै उपमान बनाएर वर्णन गरिन्छ । जयदेवले जहाँ उपमान र उपमेय एउटै वस्तु हुन्छ ,त्यहाँ अनन्वय अलङ्कार हुन्छ भनेका छन् (इ. १९९५, पृ.८८) । विश्वनाथले एकै वाक्यमा एउटै वस्तु उपमान र उपमेय हुँदा अनन्वय अलङ्कार हुन्छ भनेका

छन्(इ. १९७७, पृ.३०२) । यी भनाइका आधारमा कुनै पनि वस्तुलाई अतिशय गुण वा शक्तिसम्पन्न वस्तुका रूपमा चित्रण गरी त्यसभन्दा उत्तम वस्तु अर्को कुनै हुनै नसक्ने भएकाले एउटै वस्तुलाई उपमान र उपमेयका रूपमा प्रस्तुत गर्दा अनन्वय अलङ्कार हुन्छ । अत : उपमेयलाई नै उपमान बनाउनु र उपमेय अतुल्य छ भन्ने कुरा देखाउनु यसको मुख्य पहिचान हो । *सम्राट् राजर्षि जनक* महाकाव्यमा अनन्वय अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

अद्वितीय छ विवाह मण्डप
रित्तिए निधि कुवेर सञ्चित
स्वर्ग रत्न मणि हीर झल्किने
इन्द्रिनी सरि प्रभा छचल्किने ॥२०॥२०

माथिको श्लोक रामसीताको विवाहमा तयार पारिएको विवाह मण्डपको सौन्दर्य वर्णन गर्ने क्रममा आएको हो । रामसीताको विवाहको अवसरमा जनकले तयार गर्न लगाएको मण्डप अरूका विवाहमा तयार पारिएको मण्डपसित तुलनीय थिएन । त्यो अनुपम थियो । यसमा कुवेरको सञ्चित निधि(सम्पत्ति) सकिने जस्तो थियो । स्वर्गमा भएका रत्न, मणि हीरा र इन्द्रिनीसमान सुन्दर रहेको थियो भनी वर्णन गरिएकाले यस श्लोकमा अनन्वय अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

जानकी छन् यता सिँगारिँदै
भूपजाहरू सबै प्रभा लिँदै
इन्दुविन्दु सरि भेष देखिने
सुन्दरी अनुपमेय झैँ बने ॥ २०॥६५

माथिको श्लोक रामसीताको विवाहमा जानकी (सीता) सिँगारिदा उनको अनुहारमा वृद्धि भएको सुन्दरता वर्णन गर्ने क्रममा आएको हो । रामसीताको विवाहको अवसरमा सीता र उनका दौतरीहरूको जस्तो सौन्दर्य अरू कसैमा थिएन । उनीहरूमा रहेको सुन्दरता अनुपमेय थियो भनी वर्णन गरिएकाले यस श्लोकमा अनन्वय अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**.रूपक अलङ्कार**

उपमेयमा उपमानको आरोप गरिएमा रूपक अलङ्कार हुन्छ । आरोप भनेको एउटा पदार्थसँग अर्को पदार्थको अभेद सम्बन्ध देखाउनु हो । अत : उपमान र उपमेयका बीमा एकरूपता स्थापित गर्नका लागि अभेदसम्बन्ध देखाउँदा रूपक अलङ्कार हुन्छ । भामहले गुणसाम्यका आधारमा उपमेयमा उपमानको अभेद आरोप नै रूपक अलङ्कार हो भनेका छन् (इ. १९३८, पृ.१०) । वामनले गुणसाम्य र कार्यसाम्यका आधारमा उपमेय वा उपमानको अभेद आरोप नै रूपक हो भनेका छन् (इ. १९९५, पृ.१०) । उपमेय र उपमानमा अभेद आरोप गरिने भएकाले यसमा वाचक शब्दको प्रयोग हुँदैन । मम्मटले उपमेय र उपमानका बिच अभेद आरोप गरी फलानो नै फलानो हो भन्नु रूपक हो भनेका छन् (इ. १९८०, पृ.३९१) । मम्मटका अनुसार रूपक अलङ्कारका लागि उपमान र उपमेयका बिचमा अन्तर भए पनि अत्यन्त सादृश्यका कारण अभेद आरोप गरिएको हुनुपर्छ । विश्वनाथले निषेधविना नै विषयमाथि विषयीको अभेद आरोपलाई रूपक अलङ्कार मानेका छन् (इ. १९७७ पृ.३१५) । अत : वर्णन गरिने विषय (उपमेय) र विषयी (उपमान) का बीचको सुन्दर सादृश्यलाई अभिन्न मान्दै विषय (उपमेय) मा नै विषयी (उपमान)को अभेद आरोप गर्नु नै रूपक अलङ्कार हो । *सम्राट् राजर्षि जनक* महाकाव्यमा रूपक अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न लिखित श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

बैँसले नरिवले छन छाती
नक्कले जघन दारिम दाँती
चञ्चले नयन छन् अति लामा
लोल हार झुलदो छ गलामा ॥२॥५३

माथिको श्लोक लक्ष्मीको सुन्दरता वर्णनका सन्दर्भमा आएको हो । यहाँ लक्ष्मीका स्तन नरिवलजस्ता कडा छन् , जघन नक्कले छन् , दारिमे दाँत छन् ,चञ्चले मृगनयन छन् र उनका गाला चञ्चल हारजस्ता चलायमान छन् भनी सादृश्यवाचक शब्दको प्रयोग नगरी लक्ष्मीका अङ्गप्रत्यङ्गलाई नरिवल, दारिम, मृगनयन र लोल हारसँग अभेद्य सम्बन्ध देखाइएकाले रूपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

बारुले कमर आँठ फिलुङ्गे
रूप यौवन दुबै शशिचुम्बे
भामिनी चपल नाम छ लक्ष्मी
रूपले चटकतुल्य तिलस्मी ॥२॥५४

माथिको श्लोक लक्ष्मीको सुन्दरता वर्णन गर्ने क्रममा आएको हो । यहाँ लक्ष्मीको कम्मर बारुलाको झैँ छिन्न लागेको छ , फिलुङ्गे जस्ता पातला ओठ छन् र रूपयौवन दुबै शशिचुम्बे छन् भनी उपमेय र उपमानका बीचमा अभेद्य सम्बन्ध देखाइएकाले रूपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**व्यतिरेक अलङ्कार**

उपमानभन्दा उपमेयको अत्यधिक गुणोत्कर्ष प्रदर्शन गरी चमत्कार प्रदर्शन गर्नु व्यतिरेक अलङ्कार हो । भामहले उपमानभन्दा उपमेयको उत्कर्षलाई व्यतिरेक अलङ्कार भनेका छन् (इ.१९३८, पृ.१६) । भामहपछि उद्‌भटले उपमान र उपमेयमध्ये दुवैमा कुनै एउटाको वैशिष्ट्य प्रतिपादन गर्दा व्यतिरेक अलङ्कार हुन्छ भनेका छन् (इ. १९२८, पृ. ४१ ) । मम्मटले उपमानभन्दा उपमेयको गुणाधिक्य वर्णनमा व्यतिरेक अलङ्कार हुन्छ भनेका छन् (इ. १९८०, पृ.३२३) । जयदेवले उपमान र उपमेयमा परस्पर विलक्षणता देखिनुलाई नै व्यतिरेक अलङ्कार मानेका छन् (इ.१९९५,पृ.८०) । यस अलङ्कारमा उपमानभन्दा उपमेयको गुणलाई अत्यधिक रूपमा वर्णन गरिएको हुन्छ । *सम्राट् राजर्षि जनक* महाकाव्यमा व्यतिरेक अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न लिखित श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

जानकी शुभविवाह खातिर
स्वर्ग लज्जित हुने बन्यो पुर
तरिफ नयनबाट बेलुकी
अप्सराहरू चियाउँथे लुकी ॥२०॥१८

माथिको श्लोक जानकी (सीता) को विवाहोत्सवको वर्णन गर्ने क्रममा आएको हो । यहाँ उपमेयका रूपमा जानकी विवाहको तामझाम र उपमानका रूपमा स्वर्गको सुन्दता आएका छन् । जानकी विवाहका अवसरमा जनकपुरमा भएको सुन्दरतालाई स्वर्गका अप्सराहरूले स्वर्गभन्दा सुन्दर लागेर चियाएर हेर्थे भनी उपमानभन्दा उपमेयको गुणलाई अत्यधिक रूपमा वर्णन गरिएकाले यस श्लोकमा व्यतिरेक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

रत्न भूषण विभूषिता परी

सुन्दरी रति पराजिता सरि
भूपजा सब लिई सखीगण
गुञ्जिँदै गगन भो पदार्पण ॥२०॥ ६६

माथिको श्लोक राजा जनकले सीताको विवाहमा प्रदान गरेको उपहारको वर्णन गर्ने क्रममा आएको हो । यहाँ उपमेयका रूपमा जानकी विवाहमा जनकले जानकीलाई प्रदान गरेको रत्नभूषण उपहार र उपमानका रूपमा कामदेव पत्नी आएका छन् । यहाँ उपमान(रतिको) भन्दा उपमेय (सीता र उनको सखीगण ) को गुणलाई अत्यधिक रूपमा वर्णन गरिएकाले यस श्लोकमा व्यतिरेक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**व्याजस्तुति अलङ्कार**

स्तुतिको बहानामा निन्दा र निन्दाको बहानामा स्तुति बुझिएर अर्थ चमत्कार सिर्जना भएमा व्याजस्तुति अलङ्कार प्रकट हुन्छ । यो वाच्यार्थपरक र व्यङ्ग्यार्थपरक दुवै रूपमा प्रकट हुन्छ । यसमा वाच्यार्थ स्तुतिपरक भएमा व्यङ्ग्यार्थ निन्दापरक हुन्छ र वाच्यार्थ निन्दापरक भएमा व्यङ्ग्यार्थ स्तुतिपरक हुन्छ । आचार्य अप्यय दीक्षितका विचारमा निन्दा वा स्तुतिद्वारा क्रमश : स्तुति वा निन्दाको भाव प्रस्तुत हुनु व्याजस्तुति अलङ्कार हो ( इ.१९७६, पृ.१२८ ) । जहाँ प्रारम्भमा निन्दा र अन्तमा स्तुति प्रतीति हुन्छ अथवा प्रारम्भमा स्तुति र अन्तिममा निन्दा प्रतीति हुन्छ त्यहाँ व्याजस्तुति अलङ्कार हुन्छ । स्तुतिमा गएर सकिने निन्दा र निन्दामा गएर सकिने स्तुति नै व्याजस्तुति हो (भट्टाचार्य ,२०५७,पृ.२१३ ) । समग्रमा स्तुतिबाट निन्दा र निन्दाबाट स्तुति बुझिएर अर्थ चमत्कार सिर्जना हुनु व्याजस्तुति अलङ्कार हो । *सम्राट् राजर्षि जनक* महाकाव्यमा व्याजस्तुति अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

यौटा चित्र यसो खिचौँ जनकका वंशावलीको भनी
पक्रँ ज्ञानविना ठुटे कलम यो कालो मसी भो जमी
फैलेको कति यो छ वंश लहरो अज्ञात तान्दो भएँ
गर्जको पहरो सुनेर मुटुको सातो गएझैँ भएँ ॥१॥३४

माथिको श्लोक जनकका वंशावलीको वर्णन थर्ने क्रममा आएको हो । यहाँ कविले आफूमा ज्ञानको अभाव रहेको, ज्ञानविना कलमको मसी सुकेर र जनकका वंशमा फैलेको वंश लहरो तान्दा आफ्नो सातो गएको भनी आफ्नो निन्दा गरेझैँ गरी जनकका वंशमा फैलेको वंश लहरोलाई विषयवस्तु बनाएर आफूले उत्कृष्ट महाकाव्य रचना गर्न सफल भएको भनी आफ्नो निन्दाबाट स्तुति प्रकट गरेकाले व्याजस्तुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

मेरो मस्तकभित्र वंश लहरो केलाउने ताकत
मैले पाइनँ सत्य हे सुजन हो विज्ञानले सम्मत
जिम्मा सज्जनमै छ वैदिक उषा यो कालको मिर्मिरे
छोडी उत्तर पूर्व वैदिक युगी छाया हिँडे छिर्बिरे ॥१॥ ३६

माथिको श्लोक जनकका वंशावलीको वर्णन गर्ने क्रममा आएको हो । जनकका वंशावलीका लहरो तान्न कविले आफूमा ताकत छैन, त्यसका सत्य कुरा वर्णन गर्न आफू असमर्थ भएको र सो कुराको जिम्मा सज्जनलाई सुम्पेको कुरा व्यक्त गरी आफ्नो निन्दा गरेका छन् । तर जनकका वंशमा फैलेको विशाल वंश लहरोको सत्यता पत्ताा लगाएर आफूले उत्कृष्ट काव्य रचना गर्न सफल भएको भनी आफ्नो निन्दा गरेजस्तो गरेर स्तुति प्रकट गरेकाले व्याजस्तुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**दृष्टान्त अलङ्कार**

दृष्टान्त अलङ्कारका लागि एउटा उपमेय वाक्य र अर्को उपमान वाक्य गरी दुई स्वतन्त्र वा निरपेक्ष वाक्यको आवश्यकता पर्दछ । यसरी दुई भिन्नाभिन्नै अर्थ भएका वाक्यहरूमा परस्पर विम्बप्रतिविम्बभाव सम्बन्ध हुनुलाई दृष्टान्त अलङ्कार मानिन्छ । सामान्यत : यस अलङ्कारमा एउटा वाक्यको पुष्टिका लागि अर्को वाक्यको प्रयोग गरिएको हुन्छ र पहिलो वाक्य उपमेय तथा दोस्रो वाक्य उपमान वाक्यका रूपमा रहेको हुन्छ । वस्तुत : एउटै विचारजस्ता देखिने दुई भिन्नाभिन्नै पदार्थको एकचोटि कथन गर्नु नै विम्बप्रतिविम्ब भाव हो, जुन दृष्टान्तका लागि आवश्यक हुन्छ ।

आचार्य उद्भटले काव्यदृष्टान्तका नामबाट यस अलङ्कारको चर्चा गरेका छन् । उनले झैं, जस्तै आदि वाचक शब्दरहित इष्ट अर्थको विशेष किसिमले विम्बप्रतिविम्ब भाव हुनुलाई काव्यदृष्टान्त अलङ्कारको नाम दिएका छन् (इ. १९२८, पृ. ९१ ) । आचार्य मम्मटले उपमानको उपमेयसँग, उपमान सम्बद्ध विशेषणको उपमेयसम्बद्ध विशेषणसँग र साधारण धर्मसँग बिम्बप्रतिबिम्बभाव सम्बन्ध हुनुलाई दृष्टान्त अलङ्कारको संज्ञा दिएका छन् (इ. १९८०, पृ. ३१८) । उनका दृष्टिमा दृष्टान्तमूलक वाक्यद्वारा अन्त्यमा निश्चयबोध हुनु अर्थात् उपमान वाक्यद्वारा उपमेय वाक्यलाई निश्चितता प्रदान गर्नु नै दृष्टान्त अलङ्कारको पहिचान हो । *सम्राट् राजर्षि जनक* महाकाव्यमा दृष्टान्त अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

शिष्टदुष्ट गुण नै स्तुतिनिन्द्य
ठान्दछन् बुध समीक्षक वन्द्य
यो कुरा प्रकृतिमै छ अलङ्घ्य
काग निन्द्य गुण कोकिल वन्द्य ॥२॥२

प्रस्तुत श्लोकमा शिष्टको स्तुति र दुष्टको निन्दा गरिन्छ भन्ने कुरा उपमेययका रूपमा र काग निन्द्य र कोइली वन्द्य हुन्छ भन्ने कुरा उपमानका रूपमा आई बिम्ब प्रतिबिम्ब भाव सम्बन्धका रूपमा प्रस्तुत भएकाले दृष्टान्त अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

दुष्टका सँग बसे गुण मर्छ
सर्पका सँग हुँदा मणि व्यर्थ
शिष्ट इष्ट सरि कृष्ण हुँदामा
साग भो अमृत देव सुदामा ॥ २॥ ५

यस श्लोकमा दुष्टका साथमा बस्दा गुणीजनको गुण पनि मर्छ भन्ने कुरा व्यक्त भएको छ । यहाँ दुष्टका साथमा बस्दा गुणीजनको गुण पनि मर्छ भन्ने कुरा उपमेययका रूपमा र सर्पका सँग हुँदा मणि व्यर्थ हुन्छ भन्ने कुरा उपमान भई विम्बप्रतिविम्ब भावका रूपमा आएकाले दृष्टान्त अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**विनोक्ति अलङ्कार**

एउटा वस्तु अर्को वस्तुविना असुन्दर वा सुन्दर भएको कुरा वर्णित गरिएमा विनोक्ति अलङ्कारका हुन्छ । यस अलङ्कारमा विना, बाहेक, रहित, हीनजस्ता शब्दहरूको प्रयोग पनि गरिएको हुन्छ । कतिपय अवस्थामा यस्ता शब्दका अभावमा पनि विनोक्ति अलङ्कार हुने गर्दछ । आचार्य मम्मटले एउटाबिना अर्को न त शोभित भएको न अशोभित भएको भन्ने कुरा बताइएमा विनोक्ति अलङ्कार हुन्छ भनेका छन् (इ. १९८०, पृ. ३४५) । आचार्य जयदेवले चाहिँ शोभन र अशोभनको उल्लेख नगरी कुनै पदार्थबिना प्रस्तुतमा हीनताबोध हुनुलाई विनोक्ति अलङ्कारको संज्ञा दिएका छन् (इ. १९९५, पृ.८१) । विनोक्ति अलङ्कारका लागि विनाशब्दको प्रयोग वा अप्रयोगमा

पनि कुनै वस्तु अर्को वस्तुविना सुन्दर वा असुन्दर भएको वर्णन गरिनु आवश्यक हुन्छ । *सम्राट् राजर्षि जनक* महाकाव्यमा विनोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

विना नारी भारी जगत कसरी सिर्जन हुने
अहो ! थारो प्यारो पुरुष तन के हुन्छ दुहुने ?
सबै नारी द्वारै नर उदय चारैतिर भयो
नपाए नारीले नरधर मखुण्डै सरि छ यो ॥१४॥२३

माथिका श्लोकमा नारीका अभावमा संसारमा कुनै प्रकारको सिर्जना हुन सक्दैन । नारीकै कारण संसारका पुरुषहरूको चारै दिशामा उदय भएको हो नारी नभएको घर वा पृथ्वी मखुण्डोसमान हुन्छ भनी नारीविना समस्त संसार असुन्दर हुन्छ भनी  वर्णन गरिएकाले विनोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

फर्की उता यी दरबार पस्ता
जिल्ले यता लक्ष्मण रामजस्ता
सीता हिँडिन् भो जगतै अँध्यारो
भो रामलाई खपिसक्न गाह्रो ॥१७॥५६

माथिको श्लोकमा सीताका अभावमा जनकपुर नगरीको बगैँचाको कुनै अर्थ भएन भन्ने कुरा वर्णन गरिएको छ । सीताका अभावमा राम र लक्ष्मण जिल्ल परे । सीता हिँडेपछि रामका लागि जगतै अँध्यारो भयो । रामलाई खपिनसक्नु भयो भनी सीताविना रामको जीवन अँध्यारो बनेको कुरा वर्णन गरिएकाले विनोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

***कारकदीपक अलङ्कार***

एउटै कारकका नाना क्रिया हुन गएमा कारकदीपक अलङ्कार हुन्छ ( भट्टराई,२०७७, पृ.३४९ ) । एक क्रियाको अनेक कर्ता र एक कर्ताको अनेक क्रियासँग सम्बन्ध हुँदा उत्पन्न हुँदा पर्न जाने अर्थालङ्कार कारकदीपक अलङ्कार हो ( ढुङ्गाना,२०७८,पृ.३४३ ) । जहाँ एक क्रियाका साथमा अनेक कारकको सम्बन्ध  रहेको वर्णन हुन्छ , त्यहाँ  क्रियादीपक अलङ्कार हुन्छ भने जहाँ अनेक क्रियाका साथ एक कारकको सम्बन्ध रहेको कुराको वर्णन गरिएको हुन्छ , त्यहाँ कारकदीपक अलङ्कारको प्रयोग गरिएको हुन्छ ( द्विवेदी, इ. २०१६, पृ.२१०) । *सम्राट् राजर्षि जनक* महाकाव्यमा कारकदीपक अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

त्रास आश रचना कि त ध्वंश
युद्ध उत्सव विरोध विशंक
सूचनाकर छ शङ्ख अमूल्य
यो प्रभात युगबोधक तुल्य ॥ २॥२६

माथिका श्लोकमा शङ्खले त्रास, आश, रचना, ध्वंश, युद्ध, उत्सवजस्ता विविध भावका सूचना प्रदान गर्छ भनेर एक कर्ताको अनेक क्रियासँग सम्बन्ध उत्पन्न भएको कुरा वर्णन गरिएको हुँदा कारकदीपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

यी लडाकु मधुकैटभ मारे
दैत्यका अरि बने मुरहारे

वामतुल्य सब जाति पछारे
ती वलीकन रसातल झारे ॥२॥४२

माथिका श्लोकमा विष्णुले मधुकैटभमारका, दैत्यका शत्रु बनेका र सबै राक्षस जातिलाई जितेका जस्ता विविध काम गरेको भनी एक कर्ताको अनेक क्रियासँग सम्बन्ध उत्पन्न भएको कुरा वर्णन गरिएको हुँदा कारकदीपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**परिकर अलङ्कार**

वर्ण्य विषयको उत्कर्षता प्रस्तुत गर्नका लागि अत्यधिक मात्रामा भावपूर्ण विशेषणहरूको प्रयोग गर्दा परिकर अलङ्कार हुन्छ । भावपूर्ण विशेषणहरूको प्रयोग बढी मात्रामा हुँदा कथ्यमा उत्कर्षता थपिन्छ । प्रस्तुत अर्थलाई उत्कर्षमा लानु नै परिकर हो । यस अलङ्कारले अभिप्रायले भरिपूर्ण विशेषणहरूको संयोजन गरी प्रस्तुत विषयलाई उचाइमा लगेर चमत्कार पैदा गर्ने काम गर्दछ । रुद्रटले अभिप्रायपूर्ण विशेषणद्वारा अभिव्यक्तिमा चमत्कार उत्पन्न भएको अवस्थामा परिकर अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (इ. १९८९,पृ.२२२) । मम्मटले अनेक अभिप्राययुक्त विशेषणहरूबाट वर्णनीय पदार्थको परिपोषक हुनु नै परिकर अलङ्कार हो भनेका छन् (इ. १९८०, पृ.४६४) । निष्कर्षमा कुनै पनि विषयको स्वरूपप्रदर्शन गर्न भावपूर्ण विशेषणहरूको प्रयोगमा जोड दिनु नै परिकर अलङ्कार हो भन्न सकिन्छ । *सम्राट राजर्षि जनक* महाकाव्यमा परिकर अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

झर्ना झङ्कृत यी अलङ्कृतमयी आकाशचुम्बी चुली
नारीतुल्य उषा निशान्त वसुधा फेर्दै सधैँ काँचुली
लामा लोल तरङ्ग गोल भुँमरी बोकेर सौदागर
मीठो चुम्बन चन्द्रको लिन अहो ! बढ्दो महासागर ॥१॥१

माथिका श्लोकमा विविध विषयको स्वरूपप्रदर्शन गर्न झङ्कृत, अलङ्कृतमयी, आकाशचुम्बी, लामा, लोल (चञ्चल), गोल र मीठोजस्ता भावपूर्ण विशेषणहरूको प्रयोग गरी कथ्यमा उत्कर्षता थपिएको हुँदा परिकर अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

विनयवती विदुषी धरा सितारा
गृहकुशली अनुशासितात्मा तारा
प्रिय गरथिन् जननी कपाल कोरी
निज तनतुल्य हुने सदैव छोरी ॥१६॥३

माथिको श्लोकमा सीतामा रहेका विविध स्वरूपप्रदर्शन गर्ने क्रममा विनयवती, विदुषी, गृहकुशली र अनुशासितात्माजस्ता भावपूर्ण विशेषणहरूको प्रयोग गरी कथ्यमा उत्कर्षता थपिएको हुँदा परिकर अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**अपह्नुति अलङ्कार**

सत्यवस्तुलाई लुकाएर असत्य वस्तुलाई प्रकाशित गर्नु अपह्नुति अलङ्कारको पहिचान हो हो । यसमा उपमेयलाई निषेध गरी उपमानलाई स्थापित गरिन्छ । यसमा होइन, छैन जस्ता निषेधात्मक शब्दको प्रयोग गरिन्छ । वास्तविक वस्तु लुकाउनका लागि थोरै भए पनि सादृश्य वा उपमा रहन आवश्यक हुँदा प्रकट हुँदा अपह्नुति अलङ्कार हुन्छ ( भामह,इ. १९३४, पृ.७२१ ) । उपमेय वा प्रस्तुत वस्तुलाई सिद्ध गर्नुलाई अपह्नुति अलङ्कार भनेका छन् ( मम्मट,इ. १९८९, पृ.१५७ ) । अपह्नुति अलङ्कारमा सत्य वस्तुको निषेध कविको कल्पनाले मात्र

हुन्छ वास्तविक रूपमा हुँदैन । यथार्थ रूपमा रहेको उपमेयलाई निषेध गरी अयथार्थ पदार्थ (उपमान) को स्थापना गर्दा अपह्नुति अलङ्कार हुन्छ । *सम्राट राजर्षि जनक* महाकाव्यमा अपह्नुति अलङ्कारको सौन्दर्य प्रकाशित भएका निम्न श्लोकहरू नमुनाका रूपमा विश्लेषण गरिएको छ :

पूर्व कोविद सियो म छु धागो
काव्यहार उनिने अथवा यो
हैन मूल सरिता छ पँधेरो
मन्द मन्द बहने गति मेरो ॥२॥१९॥

प्रस्तुत श्लोकमा कविले आफूमा रहेको कवित्व भाव नदी सरह बगेको छैन । पँधेरो जस्तो जमेको हुँदा मन्दमन्द बगेको छ भनी वर्णन गरेका छन् । यस श्लोकमा उनले आफ्नो कवित्व भाव उपमेयलाई निषेध गरी सरिता र पँधेरो जस्ता उपमानको स्थापना गरेको कुरा वर्णन गरिएकाले अपह्नुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

महीप हैनन् हुन यी मही सरि
उदार ज्ञानी, गुणभारले गरी
भनून् न गोवर्धन बाँसुरीधर
भने पनि कृष्ण उही हुँदैन र ?॥ १२॥७६

प्रस्तुत श्लोकमा जनक महीप (राजा) होइनन् मही (पृथ्वी) हुन् भनी भनी वर्णन गरिएको छ । यहाँ उपमेय (जनक) लाई निषेध गरी महीप र मही जस्ता उपमानको स्थापना गरेको कुरा वर्णन गरिएकाले अपह्नुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**सम्राट राजर्षि जनक महाकाव्यमा अलङ्कार प्रयोगको प्रयोजन**

अलङ्कारवादी आचार्यहरूले काव्यमा अलङ्कारको प्रयोजन र महत्त्वलाई विशेष जोड दिएका छन् भने रसध्वनिवादी र अन्य आचार्यहरूले काव्यसौन्दर्यको वृद्धिका लागि मात्र अलङ्कारको प्रयोजन र महत्त्व रहन्छ भनेका छन् । भामहले काव्यसौन्दर्य कविको उक्तिवैचित्र्यमा निर्भर रहन्छ र त्यसैका लागि अलङ्कारको प्रयोग आवश्यक छ (इ.१९३८,पृ.१७) भनेका छन् । दण्डीका विचारमा काव्यको शोभादायक धर्म नै अलङ्कार हो (इ.१९५८,पृ.७४) । उनको यस भनाइले काव्य वा साहित्यमा जुन शोभासौन्दर्य वा धर्म हुन्छ, त्यही शोभासौन्दर्य वा धर्मलाई वहन गर्नु यसको प्रयोजन हो भन्ने बुझिन्छ । आचार्य वामनकाअनुसार अलङ्कारयुक्त काव्य नै ग्राह्य हुन्छ (इ. १९९५, पृ.३) । यस भनाइका आधारमा काव्यसौन्दर्यलाई नै अलङ्कारका रूपमा ग्रहण गरी काव्यलाई ग्रहणीय तुल्याउन र काव्यमा सौन्दर्य भर्ने काममा अलङ्कारको प्रयोजन रहन्छ भन्ने देखिन्छ । आनन्दवर्धनले काव्यको आत्माका रूपमा रहेको रसध्वनि रूप भावलाई अभिव्यञ्जित गर्नका लागि अलङ्कारले परिपोषकको काम गर्छ (इ. २००९, पृ.२२२) भन्ने मत राखेका छन् । उनको यो विचारका आधारमा हेर्दा भावलाई परिपुष्ट पार्नु अलङ्कारको प्रयोजन हो । आचार्य विश्वनाथले रसात्मक काव्यमा शब्दार्थको सौन्दर्यलाई सुशोभित गर्ने काम अलङ्कारले गर्छ भनेका छन् (इ. १९७७, पृ.३३५) । यस विचारका आधारमा हेर्दा शब्दार्थमा सौन्दर्य वृद्धि गर्नु अलङ्कारको मुख्य प्रयोजन देखिन्छ ।

अलङ्कार भनेको अभिव्यक्तिगत ढाँचा हो । यसैका सहयोगमा कविले आफ्नो भनाइलाई प्रभावकारी रूपमा प्रस्तुत गर्दछ । अलङ्कार सौन्दर्य वृद्धिका साधन हुन् । काव्यमा भावलाई सजाउन र रमणीयता प्रदान गर्नका लागि काव्यमा अलङ्कार आउँछन् । यसैका माध्यमबाट काव्यमा अभिव्यक्तिगत तीव्रता एवम् भावगत प्रभावकारिता आउँछ । सुन्दर भाव मनमोहक शैलीमा व्यक्त गर्दा अभिव्यक्ति प्रभावकारी बन्छ । अतः विचार वा भावलाई तीव्र

पारी प्रभावकारी बनाउनु, भावलाई सजाउनु र रमणीयता प्रदान गर्नु अलङ्कारको मुख्य प्रयोजन हो । भगीरथ मिश्रले कुनै तथ्य, अनुभूति, घटना आदिको प्रभावपूर्ण अभिव्यक्तिका लागि काव्यमा अलङ्कारको प्रयोग गरिन्छ, जहाँ कुनै प्रभावलाई स्पष्ट पार्न खोजिन्छ, त्यहाँ केही बल, निषेध, अत्युक्ति, कार्यकारण सम्बन्ध, हेतु, कल्पना आदिद्वारा काम चलाइन्छ भने त्यहाँ अलङ्कारहरू स्वतः प्रकट हुन्छन् । सामान्य कथनलाई अलङ्कारद्वारा विभूषित बनाएर विशेष मनमोहक र आकर्षक तुल्याउनका लागि काव्य वा साहित्यमा अलङ्कारको प्रयोग गरिन्छ (२०२९, पृ. १५६) भनेका छन् । यी विभिन्न भनाइका आधारमा काव्यमा प्रयुक्त विविध प्रकारका अलङ्कारका माध्यमले कविको कथन विभूषित, मनमोहक र आकर्षक बन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

*सम्राट राजर्षि जनक* महाकाव्यमा अलङ्कार प्रयोग गर्नुको मुख्य प्रयोजन भनेको आफ्ना भाव र विचारलाई प्रभावकारी तुल्याउनु हो । यसका साथै महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी, आकर्षक र काव्यात्मक स्वरूप प्रदान गर्न, महाकाव्यमा प्रयुक्त विविध कथ्यगत सौन्दर्यको वृद्धि गर्न, शृङ्गार, करुण, भयानक आदि रसको अभिव्यञ्जन गर्नका लागि महाकाव्यकार लम्सालले अलङ्कारयोजना गरेको देखिन्छ । महाकाव्यकार लम्सालद्वारा पौराणिक विषयक भाव, प्रकृतिप्रेम विषयक भाव, राष्ट्रप्रेम विषयक भाव, मानवीय प्रणयभाव आदिको अभिव्यक्तिका लागि महाकाव्यमा अलङ्कायोजना गरिएको पाइन्छ । मानवीय जीवनका विविध अवस्थामा अनुभव गरिने स्मृति, मति, दैन्य, गर्व र हर्षजस्ता विविध भावहरूको भावाभिव्यञ्जन गर्न लम्सालले अलङ्कारयोजना गरेका छन् । सम्राट राजर्षि जनक महाकाव्यमा अलङ्कारयोजना गर्नुको मूल प्रयोजन कविताको कथ्यगत सौन्दर्यको वृद्धि गर्नु, उक्तिलाई चमत्कारपूर्ण बनाउनु , शृङ्गार आदि विभिन्न रसको अभिव्यञ्जना गर्नु र साथै दैन्य, मतिआदि भावको अभिव्यञ्जना गर्नु नै रहेको देखिन्छ । नेपाल ज्ञानपुरुष गौतमवुद्ध, तपसी सीता र जनकजस्ता विदेहको जन्मभूमि हो । त्यसैले यस देशको धर्ती अति पवित्र तथा ज्ञानको मुहान भएकाले यस भूमिमा जन्मनु तमाम नेपालीको सौभाग्य हो भन्ने भाव सौन्दर्यपूण ढङ्गले प्रकट गर्नका लागि लम्सालले *सम्राट राजर्षि जनक* महाकाव्यमा सादृश्यमूलक वर्गका विविध प्रकारका अलङ्कारहरूको प्रयोग गरेका छन् ।

**निष्कर्ष**

*सम्राट राजर्षि जनक* महाकाव्य पौराणिक इतिहासका विश्वचर्चित महानायक जनकको जीवनगाथामा आधारित छ । यसले सात हजार वर्ष पुरानो नेपाल र दक्षिण एसियाको जीवन, दर्शन र समाजव्यवस्थाका विविध पक्षको विश्लेषण गरेको छ । यसको कथानक जनकको वंशावलीको वर्णन र राम–सीताको विवाहमा आधारित छ । यसका मूलपात्र विश्वचर्चित महानायक जनक रहेका छन् । भने महाकाव्यका अर्को क्रियाशील पात्र राम रहेका छन् । रामका जीवनसँग सम्बन्धित अनेक घटना र प्रसङ्गहरू महाकाव्यमा जोडिएका छन । यस महाकाव्यकी मुख्य नारी पात्र सीता हुन् । शृङ्गार, वीर, करुण, भयानक आदि रसको प्रयोगले महाकाव्य निकै आस्वाद्य रहेको छ । महाकवि पीताम्बरभोला लम्साल अलङ्कार प्रयोगमा सिद्धहस्त देखिन्छन् । उनको *सम्राट राजर्षि जनक* महाकाव्यमा सादृश्यमूलक वर्गका उपमा, अनन्वय, रूपक, व्यतिरेक, दृष्टान्त, विनोक्ति, कारकदीपक, व्याजस्तुति, परिकर र अपह्नुति जस्ता अलङ्कारहरूको प्रयोग स्वाभाविक ढङ्गले गरिएको छ । *सम्राट राजर्षि जनक* महाकाव्यमा अलङ्कार प्रयोग गर्नुको मुख्य प्रयोजन भनेको आफ्ना भाव र विचारलाई प्रभावकारी तुल्याउनु हो । यसका साथै महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी, आकर्षक र काव्यात्मक स्वरूप प्रदान गर्न, महाकाव्यमा प्रयुक्त विविध कथ्यगत सौन्दर्यको वृद्धि गर्न र शृङ्गार, करुण, भयानक आदि रसको अभिव्यञ्जन गर्नका लागि महाकाव्यकार लम्सालले अलङ्कारयोजना गरेको देखिन्छ ।

## सन्दर्भसामग्री


अप्पयदीक्षित (इ.१९९७ ), *कुवलयानन्द* (च. संस्क.),चौखम्बा विद्याभवन ।

आनन्दवर्धन (इ.२००९), *ध्वन्यालोक* (पुनर्मुद्रण), ज्ञानमण्डल लिमिटेड ।

उद्भट (इ.१९२८), *काव्यालङ्कार सङ्ग्रह* (द्वि. संस्क.),पाण्डरङ्ग जावजी ।

जगन्नाथ (इ.१९०२), *रसगङ्गाधर, (* द्वितीयो भाग) (व्या.), केदारनाथ झा सम्पूर्णानन्द विश्वविद्यालय ।

जयदेव (इ.१९९५), *चन्द्रालोक,* (व्या.), श्रीकृष्णमणि त्रिपाठी,चौखम्वा सूरभारती ।

दण्डी (इ.१९५८), *काव्यादर्श* (व्या.) जमुना पाठक, कृष्णदास अकामदी ।

निरौला, लेखप्रसाद (२०६३), *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार योजना,* (नेपाल संस्कृत अनुसन्धान केन्द्रमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध ) ।

न्यौपाने, सुभाषचन्द्र.(२०७८), *माधव घिमिरेका कवितामा अलङ्कारविधान,* (त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध ।

भट्टराई ,गोविन्दप्रसाद (२०७७), *पूर्वीय काव्यसिद्धान्त .*,नेपाल प्रज्ञा प्रतिष्ठान ।

भरतमुनि (इ.१९८३), *नाट्यशास्त्रम्* (सम्पा.) विद्या भूषण केदारनाथ भारतीय विद्या प्रकाशन ।

भामह (इ.१९३८), *काव्यालङ्कार* (द्वि. संस्क.), चौखम्वा संस्कृत संस्थान ।

मम्मट (इ.१९८०), *काव्यप्रकाश.* ( व्या.) आचार्य शिवराज कैण्डिन्न्यायन मोतीलाल बनारसीदास ।

मिश्र, भगीरथ (२०२९),*काव्यशास्त्र.* विश्वविद्यालय प्रकाशन ।

रुय्यक (इ.१९९४), *अलङ्कारसर्वस्वम्* (व्या.), त्रिलोकी नाथ द्विवेदी चौखम्बा सूरभारती प्रकाशन ।

रुद्रट (इ.१९८९), *काव्यालङ्कार* ( पुनर्मुद्रण), (व्याख्याकार) रामदेव शुक्ला, चौखम्बा विद्याभवन ।

लम्साल, पीताम्बरभोला (२०७३*), सम्राट राजर्षी जनक,* विमला सापकोटा र शिवराज सापकोटा ।

वामन.(इ.१९९५),*काव्यालङ्कारसूत्राणि* (द्वि. संस्क.), सूरभारती प्रकाशन ।

विश्वनाथ (इ.१९७७), *साहित्यदर्पण,* मोतीलाल बनारसीदास ।